"ऋषिङ्ग सम्बृद्धिको आधार, कृषि, संस्कृति, पर्यटन र पूर्वाधार"

# ऋषिङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कोटदरबार, तनहुँ

गण्डकी प्रदेश नेपाल

पत्र संख्या :- २०७७/०७८

चलानी नम्बर :- ९२९

मिति २०७७/११/०९

**विषय : भलिबल खेल प्रतियोगितामा सहभागी हुने सम्बन्धमा**

श्री प्रमुख/ अध्यक्ष ज्यू

७५३ वटै पालिका

प्रस्तुत विषयका सम्बन्धमा ऋषिङ्ग गाउँपालिकाको आयोजनामा खेल मार्फत पर्यटन प्रर्बद्धन गर्दै नेपालको राष्ट्रिय खेल भलिबलको विकास तथा विस्तार तथा नव खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ तपशीलको मिति , समय र स्थानमा हुने प्रथम अन्तरपालिका स्तरिय अध्यक्ष कप भलिबल प्रतियोगितामा यहाँको पालिका बाट सहभागी खेलाडीको टिम छनौट गरि पठाउनुहुन हार्दिक अनुरोध गरिन्छ ।

तपशिल :

मिति : २०७७ साल फागुन १५ गते देखि

समय : बिहान ११ बजे

स्थान : ऋषिङ्ग गाउँपालिका वडा नं. ४ थप्रेक अवस्थित महेन्द्र ज्योति प्रा.वि

टिम दर्ता शुल्क : रु. ५ हजार

दर्ता गर्नु पर्ने अन्तिम मिति : मिति २०७७ साल फागुन १४ गते बेलुकी ५ बजे सम्म ।

दर्ता स्थान : ऋषिङ्ग गाउँपालिकाको कार्यालय , कोटदरबार , तनहुँ ।

आवश्यक कागजात : खेलाडीको नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र

हाससालै खिचिएको फोटो ।

दर्ताका लागि सम्पर्क : मधु अधिकारी ९८४६०००८५१

विनोद रानाभाट ९८६६०००६७१

राजेन्द्र कृष्ण श्रेष्ठ

अध्यक्ष

फोन नं. : ०६५-६२००९६ , ०६५-६२००९५

website www.rishingmun.gov.np e-mail: info@rishingmun.gov.np or rishingmun@gmail.com

**कार्यक्रमको नाम : प्रथम ऋषिङ्ग अध्यक्ष कप अन्तरपालिका स्तरीय भलिबल प्रतियोगिता -२०७७**

मिति : २०७७ फागुन १५ गते देखि

खेल हुने स्थान : ऋषिङ्ग गाउँपालिका वडा नं.४ , थप्रेक

(महेन्द्र ज्योति प्रा.वि.को खेलमैदान)

**पुरस्कारहरु :**

प्रथम पुरस्कार : नगद रु.१ लाख ३५ हजार, शिल्ड, मेडल र प्रमाणपत्र ।

द्वितिय पुरस्कार : नगद रु. ८० हजार, शिल्ड, मेडल र प्रमाणपत्र ।

तृतिय पुरस्कार : नगद रु. ५० हजार, शिल्ड, मेडल र प्रमाणपत्र ।

टिम दर्ता शुल्क : रु ५ हजार ।

टिम दर्ता गर्ने अन्तिम मिति : २०७७ फागुन १४ गते बेलुकी ५ बजे सम्म

टिम दर्ताका लागि सम्पर्क : ९८४६०००८५१ , ९८६६०००६७१

- प्रतियोगिता सम्बन्धी विस्तृत जानकारी र टिम दर्ता फाराम गाउँपालिकाको वेभसाइट www.rishingmun.gov.np मा गई डाउनलोड गरि भर्न सकिनेछ ।
- आवश्यक कागजात : खेलाडीको नागरिकता वा जन्मदर्ता प्रमाणपत्र र हालसालै खिचेको पासपोर्ट साइज फोटो ।
- भरेको फारम ऋषिङ्ग गाउँपालिकाको कार्यालय , कोटदरबार तनहुँमा बुझाउन सकिनेछ ।

(नोट : एक पालिकाबाट एक टिम मात्र सिफारिस भइ आउनु पर्नेछ , टिममा सहभागी खेलाडी सोही पालिका भित्रको हुनु पर्नेछ । )

**प्रथम ऋषिङ्ग अध्यक्ष कप अन्तरपालिका स्तरीय भलिबल प्रतियोगिता २०७७ को नियमहरु :**

१. प्रतियोगिताका सम्पुर्ण खेलहरु अन्तराष्ट्रिय भलिबल महासंघको नियममा रहि जिल्ला भलिवल संघ तनहुँको प्राविधिक सहयोगमा खेलाइनेछ ।

२. खेलमा सहभागीताको लागि टिम दर्ता मिति २०७७ फागुन १४ गते बेलुकी ५ बजे सम्म गर्न सकिनेछ ।

३. जुनसुकै स्तरको खेलाडीले पनि खेलमा सहभागीता जनाउन पाउनेछन् । तर खेल अन्तरपालिका स्तरीय भएकाले खेलमा सहभागी खेलाडी सम्बन्धित पलिका भित्रको हुनुपर्नेछ ।

४. एक टिममा खेलाडी संख्या ९ , टिम प्रशिक्षक र टिम व्यवस्थापक सहित ११ जना रहनेछन् ।

५. प्रत्येक टिमले खेल तालिका सार्वजनिक भए सगै निर्धारित समयभन्दा ४५ मिनेट अगाडी अफिसियल डेक्समा उपस्थित भई आफ्नो टिमको ग्राउण्ड रिपोटिङ गर्नुपर्नेछ ।

६. प्रतियोगितामा कुनै किसिमको समस्या एवं वादविवाद उत्पन्न भएमा अफिसियल टिम र आयोजक समितिको निर्णय नै अन्तिम र मान्य हुनेछ ।

७. खेलाडीहरुको लागि प्राथमिक उपचारको व्यवस्था आयोजकले गर्नेछ तर गम्भीर चोट लागेमा सम्बन्धित सहभागी टिमले नै उपचार व्यवस्था गनुपर्नेछ ।

८. खेलखेल्दा अनिवार्य रुपमा नम्बर अंकित जर्सी लगाउनुपर्नेछ ।

९. प्रतियोगिता शुरुहुनु भन्दा अघि टेक्निकल मिटिङ्गमा टिम कोच, टिम क्याप्टेन र टिम म्यानेजर अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ ।

१०. टिम रजिष्ट्रेशन फाराम सहित दर्ता शुल्क बुझाएका टिमलाई मात्र खेल तलिकामा समावेश गरिने भएकाले फोन मार्फत टिम दर्ता गराउनेले पनि खेल पुर्व फाराम बुझाइ सक्नुपर्नेछ ।

## प्रथम ऋषिङ्ग अध्यक्ष कप अन्तरपालिका स्तरीय भलिबल प्रतियोगिता

# टिम रजिष्ट्रेशन फाराम

पालिकाको नाम :

ठेगाना : मिति :

सम्पर्क फोन नं. : जर्सीको रंग :

| क्र.सं. | खेलाडी र अफिसियलको नाम | जर्सी नं. | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| | | | |

| | |
|---|---|
| टिम प्रशिक्षक | |
| टिम व्यवस्थापक | |
| टिम क्याप्टेन (जर्सी नं. सहित) | |

पालिकाको छाप